# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५ ] काठमाडौं, जेठ १५ गते २०३२ साल [ अतिरिक्ताङ्क ६


### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

श्री ५ महाराजाधिराजबाट अन्तर्राष्ट्रिय नारी वर्षको शुभ अवसरमा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न जापानी नारीहरूद्वारा आयोजना गरिएको प्रथम जापानी सगरमाथा आरोहण अभियान दलका उपनेतृ श्रीमती जुनको तावेई र पथ प्रदर्शक श्री आङ छिरिंग शेर्पाले सफलतापूर्वक सगरमाथाको शिखर आरोहण गरेको हुँदा दलको यो सफलताको कदरस्वरूप तल लेखिएका दलको नेतृ, उपनेतृ र पथ प्रदर्शकलाई सुप्रसिद्ध प्रबल गोरखा दक्षिण बाहु (गो. द. बा. प्रथम) को मान पदवी प्रदान गरिबक्सेको छ ।

१. दलकी नेतृ श्रीमती एइको हिसानो

२. दलकी उपनेतृ तथा सगरमाथाको शिखर आरोहणमा सफल श्रीमती जुनको तावेई

३. दलको सफल पथ प्रदर्शक तथा सगरमाथाको शिखर आरोहणमा सफल आङ छिरिंग शेर्पा ।

हुकुमबक्सेबमोजिम
कल्याणविक्रम अधिकारी
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

---


श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६८